फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश,नेपाल

प.सः २०७८/०७९

च.नः १२०४

मितिः२०७९।११/०२

सुचना।

सुचना।।

सुचना।।।

**बिषयः-प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनको लागि इच्छुक बेरोजगारहरूबाट आवेदन फारम भर्ने सम्बन्धी सुचना।**

प्रस्तुत बिषयमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगार हक सम्बन्धी नियामावली २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन,२०७८) सहितको दफा १८ को उपदफा १ बमोजिम आगामी आर्थिक बर्ष २०८०|८१ मा फेदाप गाउँपालिका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने रोजगारमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक सामाजिक र आर्थिक अवसरबाट बञ्चित महिला, आदिवासी, दलित, जनजाति, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका १८ देखि ५९ बर्ष सम्मका बेरोजगार व्याक्तिहरुले आफु स्थायी रुपमा बसोबास गरेको वडा कार्यलयमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन,२०७८) को अनुसुची १ बमोजिमको ढाँचामा २०७९ फाल्गुन मसान्तसम्म फारम भर्नुहुन सम्बन्धित सबैमा जनकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरूः-

१. नेपाली नगरिकताको प्रतिलिपि – १ प्रति
२. पासपोर्ट साइजको फोटो – १ प्रति
३. निवेदक सहितको परिवारका सम्पूर्ण सदस्यको नाम, जन्ममिति, नागरिकता नं., जारी जिल्ला, जारी मिति, सम्पर्क नं. र बार्षिक पारिवारिक आय अनिवार्य उल्लेख गर्नुपर्ने छ।
४. निबेदकले उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यलयबाट प्रमाणित भएको निवेदन मात्र सुचीकृत गरिने छ।

नोटः- आवश्यक विवरण तथा कागजात अपुग भएमा फारम स्वीकृत गरिने छैन। उमेर १८ देखि ५९ वर्ष हुनुपर्ने साथै आवेदन फर्म सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभ साईट http/www.pmep.gov.np बाट समेत डाउनलोड गर्न सकिन्छ। साथै थप जानकारीका लागि वडा कार्यलय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिन्छ।

.......................................
छत्र बहादुर निङ्लेखु
रोजगार संयोजक

.......................................
विष्णुप्रसाद आचार्य
प्रमुख प्रसाशकिय अधिकृत